कृष्ण प्रसाद चापागाई
प्रशासकीय अधिकृत

कार्यपालिका बैठक संख्या :- ७७
बैठक मिति :- २०७६।१२।२४
अध्यक्षताः नगर प्रमुख श्री द्वारिकलाल चौधरी

**निर्णय नं. १**

विश्वभर फैलिरहेको कोभिड १९ (कोरोना भाईरस) नियन्त्रण तथा रोकथामका लागि नेपाल सरकारले मिति २०७६।१२।११ गते देखी लागु हुनेगरी देशवासीहरुको जनस्वास्थ्यलाई मध्यनजर राखी देश लकडाउन गरेको कारण उत्पन्न प्रतिकुल अवस्थाबाट प्रभावित असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरु लाई दैनिक जिवन यापनका लागि राहत उपलब्ध गराउनका लागि इटहरी उपमहानगरपालिकाको असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराउने राहत सम्बन्धि मापदण्ड, २०७६ स्वीकृत गरी कार्यन्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

इटहरी उपमहानगरपालिकाको असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराउने राहत सम्बन्धि मापदण्ड, २०७६ को दफा ५ मा उल्लेख भए बमोजिमको राहत सामाग्री वितरण गर्दा यस अघि वितरण गरेको राहत सामाग्री घटाई बाकी हुन आउने राहत सामाग्री वितरण गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ३**

विश्वभर फैलिरहेको कोभिड १९ (कोरोना भाईरस) महामारी नियन्त्रण तथा रोकथाम गर्ने सन्दर्भमा असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुका लागि अनलाइन राहत संकलन गर्न अनलाइन पेमेन्ट एप्स मार्फत इटहरी उपमहानगरपालिकाको नेपाल बैंक लिमिटेड इटहरी शाखामा रहेको प्रकोप व्यवस्थापन कोष खातामा जम्मा हुने गरी अनलाइन पेमेन्ट एप्स सन्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

इटहरी उपमहानगरपालिका वडा नं. ५ स्थित जनता बहुमुखी क्याम्पसमा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको १०० जना क्षमता भएको क्वारेन्टाइन निर्माण सम्पन्न भएको र कोरोना भाइरसको संक्रमणबाट लाग्न सक्ने रोगबाट नागरिकहरुलाई सुरक्षित राख्न शंकास्पद व्यक्तिलाई क्वारेन्टाइनमा सुरक्षित तथा सुव्यवस्थित तरिकाले राखी त्यस्ता र समाज दुवैलाई सुरक्षित राख्नका लागि उक्त क्वारेन्टाइन संचालनमा ल्याउने निर्णय गरियो ।